# सैनामैना नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कृषि विकास शाखा
रुपन्देही, ५ नं. प्रदेश, नेपाल

च.नं.:-

पंसं.:- ०७५।७६

मितिः २०७५।०९।१५

**कृषि यन्त्र वितरण कार्यक्रम (पावर टिलर, मिनि टिलर, क्याजुअल, रिपर आदी) सम्बन्धी सूचना !!!**

प्रस्तुत विषयमा सैनामैना नगरपालिका रुपन्देहीको आ.ब. २०७५।७६ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि बिकास शाखा तर्फको अनुदानका लागि कृषकहरुलाई कृषि व्यवसायिकरणमा बृद्धि गर्ने उद्देश्यले ५० प्रतिशित अनुदानमा कृषि यन्त्र (पावर टिलर, मिनि टिलर, क्याजुअल, रिपर आदी) बितरण कार्यक्रम रहेको हुँदा कृषि सहकारी/कृषि फर्म/कृषक समुहहरुलाई कृषि यन्त्रको परल मुल्यको ५०% रकम ब्यहोर्ने र ५०% अनुदान रकम यस कार्यालयले ब्यहोर्ने गरी निवेदन आव्हानको लागि तोकिएको म्याद भित्र रु. १०। को टिकट टाँस गरी यस नगरपालिकाको कृषि बिकास शाखामा माग सम्बन्धी निबेदन पेश गर्नुहुन सूचना प्रकाशित गरीएको छ ।

**तपशिल :**

- माग पेश गर्ने अन्तिम मिति २०७५।१०।११ गते सम्म हुनेछ ।
- सैनामैना नगरपालिकाको कृषि शाखाको ढाँचा अनुसारको आवेदन यस कार्यालयमा पेश गनुपर्नेछ ।
- सम्बन्धित वडा कार्यालयको सिफारिसमा यस कार्यालयमा पेश गनुपर्नेछ ।
- सम्बन्धित कृषि सहकारी/कृषि फर्म/कृषक समुहबाट रु. १००।(एक सय रुपैया मात्र) राजश्व दाखिला गरी रसीद पेश गर्नुपर्नेछ ।
- कृषि समुह/कृषि फर्म/कृषि सहकारी संस्थाले दर्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
- आवेदनको छनौट गर्दा पिछडिएका बर्ग तथा बिपन्न बर्गका समुहलाई व्यवसायिक रुपमा खेती गर्ने कृषि सहकारी/कृषि फर्म/कृषक समुहलाई प्रथमिकता दिईनेछ ।
- आवेदनको छनौट प्रक्रिया सैनामैना नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन समितिद्धारा गरीनेछ ।
- सम्बन्धित निबेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
- यस कार्यालयबाट ५०% अनुदानमा बितरण हुने मशिनरी यन्त्र बिक्रि बितरण गर्न पाईने छैन अन्यथा कार्यालय कारवाही गर्न बाध्य हुनेछ ।

नोटः थप जानकारीको लागी सैनामैना नगरपालिकाको कृषि बिकास शाखा मुर्गियामा सम्पर्क गर्न सकिनेछ ।

साधु शरण यादव
(कृषि प्रसार अधिकृत)
कृषि बिकास शाखा